## प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०७७ साल माघ २८ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय –**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | प्रदेश सरकारको तेस्रो वार्षिकोत्सवको अवसरमा विभिन्न कर्मचारी, व्यक्ति र संघसंस्थालाई सम्मान र पुरस्कार प्रदान गर्ने। |
| २. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | प्रचलित सार्वजनिक खरिद ऐन/नियम बमोजिम सवारी साधन खरिद गरी बागमती प्रदेशमा रहेका संघीय प्रहरी ईकाइहरुको लागि उपलब्ध गराउन सहमति प्रदान गर्ने। |
| ३. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | एकीकृत नमुना बस्ती कृषि पर्यटन कार्यक्रम सञ्चालन गर्न माडी नगरपालिका, चितवनलाई एक करोड पचास लाख रुपैयाँ र खाँडादेवी गाउँपालिका, रामेछापलाई पचहत्तर लाख रुपैयाँ सशर्त अनुदान उपलब्ध गराउन स्वीकृति दिने। |
| ४. | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश यातायात सञ्चालन व्यवस्थापन बोर्डको कार्यकारी निर्देशकमा जगदिश चन्द्र ढुङ्गानालाई नियुक्त गर्ने |
| ५. | भौतिक पूर्वाधार विकास मन्त्रालय | प्रदेश जल उपयोग, नदी व्यवस्थापन तथा सिँचाइ सम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने |
| ६. | सामाजिक विकास मन्त्रालय | क) बागमती प्रदेशका जिल्ला अस्पतालबाट रेफर भएका प्रदेशका विपन्न नागरिकको हृदयघातको उपचार गर्न शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्रसँग सहकार्यका लागि सम्झौता गर्न सहमति दिने।<br>ख) प्रकरण (क) लागि आवश्यक हुने रकम एक करोड बीस लाख रुपैयाँ आर्थिक मामिला तथा योजना मन्त्रालयबाट निकासा लिन स्वीकृति दिने । |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७७ साल माघ २१ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय –**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | आन्तरिक मामिला तथा कानून मन्त्रालय | बागमती प्रदेशको काठमाडौं र रसुवा बाहेकका नौ जिल्लामा एक्काइस वटा थप नयाँ प्रहरी इकाइ भवन निर्माण गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने। |
| २. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | मालपोत/भूमि सुधार/नापी कार्यालयहरूको संस्थागत सुदृढीकरण तथा स्रेस्ता व्यवस्थापन कार्यक्रम कार्यान्वयनको लागि मालपोत र नापी कार्यालयहरूलाई जम्मा दुई करोड नौ लाख रुपैयाँ मात्र प्रचलित कानून बमोजिम अख्तियारी प्रदान गर्न स्वीकृति दिने। |
| ३. | सामाजिक विकास मन्त्रालय | क) प्रदेश युवा परिषद्को मुख्य कार्यालय बागमती प्रदेशको राजधानी हेटौंडा, मकवानपुरमा स्थापना गर्ने,<br>ख) प्रदेश युवा परिषद्को संरचना तथा दरबन्दी (अस्थायी) विवरण र कार्यालयको छाप तथा लेटरप्याड र साइनबोर्ड स्वीकृत गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

**सम्वत् २०७७ साल माघ १३ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय –**

| सि.नं. | मन्त्रालय | निर्णय |
|---|---|---|
| १. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | वन पैदावारमा आधारित उद्योग र राष्ट्रिय वन बीचको दूरी सम्बन्धी मापदण्ड, २०७७ स्वीकृत गर्ने। |
| २. | भौतिक पूर्वाधार विकास मन्त्रालय | निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी सञ्चालनको लागि प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत सम्बन्धित स्थानीय तहलाई रकम निकासाको व्यवस्था मिलाउने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।